नेपाल सरकार

# गृह मन्त्रालय

पत्र संख्याः-
प्राप्त पत्र संख्या र मितिः-
च.नं.:-

सिंहदरवार,
काठमाडौं, नेपाल ।

मितिः- २०७२/०१/१८

**प्रेस विज्ञप्ति**

भूकम्पबाट भएको क्षति विवरण संकलन गर्ने र पीडितहरुको उद्धार तथा राहत वितरण गर्ने कार्य आज मिति २०७२/०१/१८ गते पनि जारी रहेको छ । यसै क्रममा नेपाली सेना, निजी क्षेत्र  र मित्रराष्ट्र भारतबाट आएका हेलिकप्टरहरुबाट प्रभावित क्षेत्रका रसुवा, नुवाकोट, काभ्रेपलाञ्चोक, धादिङ, गोरखा, सिन्धुपाल्चोक, ललितपुर, दोलखा जिल्लाहरुमा राहत प्याकेज पुऱ्याउने तथा घाइतेहरुको उद्धार गर्ने कार्य निरन्तर रुपमा भईरहेको छ ।
हालसम्म प्राप्त जानकारी अनुसार मुलुकभर मृतक संख्या सर्वसाधारण-६१९२, नेपाली सेना-९, नेपाल प्रहरी-४, सशस्त्र प्रहरी - १, निजामती कर्मचारी - ४ र विदेशी - ५० समेत जम्मा - ६२६० पुगेको छ । त्यस्तै घाइतेहरुको संख्या नेपाल प्रहरी - १४०, सशस्त्र प्रहरी - २१, विदेशी - ४८ र सर्वसाधारण - १३६५२ समेत जम्मा - १३८६१  जना पुगेको छ । भौतिक क्षतिको विवरण प्राप्त हुने क्रम जारी छ । घाइतेहरुको उपचार नजिकको अस्पताल तथा स्वास्थ्य केन्द्रहरुमा भईरहेको छ । आज नेपाली सेनाको - ६५०१६, नेपाल प्रहरी - ४१४४९, सशस्त्र प्रहरीबलको - २५१६२ समेत जम्मा - १३२४२७ जना सुरक्षाकर्मीहरुलाई उद्धार तथा राहत कार्यमा परिचालन गरिएको छ ।

वैदेशिक सहयोग प्राप्त हुने क्रम आज पनि जारी रहेको छ । मित्र राष्ट्रहरु बंगलादेश, अल्जेरिया, भारतबाट २३.६ मेट्रिक टन र २५८०० केजी राहत सामांग्री आज थप प्राप्त भएको छ । भारत, पाकिस्तान, श्रीलंका, बंगलादेश, चीन, मलेशिया, इजरायल, सिंगापुर, थाइल्याण्ड, भुटान र जापानका मेडिकल टिमहरुले भूकम्प प्रभावित जिल्लाहरुको विभिन्न स्थानमा  शिवीर खडा गरी पीडितहरुको उपचार गरिरहेका छन् । त्यस्तै भारत, रसिया, थाइल्याण्ड, पाकिस्तान, यु.एस.ए., मलेशिया, सिंगापुर, चीन, टर्की, इजरायल, नेदरल्याण्ड, बेल्जियम, स्पेन, क्यानडा, फ्रान्स र बेलायतका खोज तथा उद्धार टोलीहरुले प्रभावित क्षेत्रमा गएर खोज तथा उद्धारका कार्य जारी राखेका छन् ।

नेपाल सरकार

# गृह मन्त्रालय

नेपाल सरकार
गृह मन्त्रालय

पत्र संख्याः-

प्राप्त पत्र संख्या र मितिः-

च.नं.:-

सिंहदरवार,

काठमाडौं, नेपाल ।

गृह मन्त्रालयमा प्राप्त पछिल्लो जानाकारी अनुसार भूकम्प प्रभावित क्षेत्रका जिल्लाहरुमा हालसम्म राहत अर्न्तगत खाध्य पदार्थ चामल - ४६६७ क्यीन्टल, ५ ट्रक र ५ हेलिकप्टर, चिनी - ३१० क्वीन्टल, नुन - १७२ क्वीन्टल, चाउचाउ ८२३६२ कार्टुन, ७ ट्रक, विस्कुट - २५९५९ कार्टुन र १ ट्रक, पानी ९७९८ केस र २ ट्याङ्कर, चिउरा - ३२४९ क्वीन्टल र १ ट्रक, दाल ३६०० बोरा, दालमोट- ७५ बोरा र १०० प्याकेट र गैर खाध्य वस्तु त्रिपाल - ३३००० थान, सोलार लाईट - ३५२८ थान, कम्बल - ३५५५ थान, लत्ता कपडा ९ बोरा, साबुन - ८५२० थान लगायत ब्ल्याङ्केट, भाडावर्तन समेत प्राभावित जिल्लाहरुमा पठाइ सकिएको छ । राहत वितरणको लागि प्रभावित जिल्लाहरुमा जम्मा ६४ करोड ४ लाख रकम निकासा गरी सकिएको छ ।

स्थानीय स्तरका संघ, संस्था, समूदायहरु जागरुक भई राहत संकलन तथा वितरण गर्ने कार्यमा संलग्न भईरहेको पाइएको छ । यस्ता कार्यलाई अझ प्रभावकारी बनाउन सम्बद्ध पक्षहरुलाई स्थानीय प्रशासनको सम्पर्क र समन्वयमा रहन हुन गृह मन्त्रालय अनुरोध गर्दछ ।

(लक्ष्मीप्रसाद ढकाल)

प्रवक्ता